# पूर्वाञ्चल विश्वविद्यालय

## संकाय डीनको कार्यालय

# आवश्यकता सम्बन्धी सूचना

**(दोश्रो पटक प्रकाशित सूचना मिति २०७३।१०।१९)**

पूर्वाञ्चल विश्वविद्यालय अन्तर्गतका आंगिक क्याम्पसहरुमा तल उल्लेखित विषयहरुमा निम्न संख्यामा उप प्राध्यापक/सहायक प्राध्यापक पदमा करार सेवामा नियुक्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुवाट राष्ट्रिय दैनिक पत्रिका (गोरखापत्र र उदघोष) मा सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस संकाय डीनको कार्यालय विराटनगरमा आइपुग्ने गरी दरखास्त आव्हान गरिन्छ । उक्त पदहरुका लागि शैक्षिक योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले तोकिएको शुल्क बुझाएको सक्कल बैंक भाउचरका साथै बायोडाटा, शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपि २-२ प्रति तथा हालसालै खिचेको पासपोर्ट साईजको फोटो २ थान समावेश गरी निवेदन पेश गर्नु पर्नेछ । *मिति २०७३।०९।१३ गतेमा प्रकाशित विज्ञापनमा परेका निवेदनलाई यथावत राखि पुनः विज्ञापन गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।*

**तपशिल**

| सि.नं. | पद | आवश्यक संख्या | शैक्षिक योग्यता एवम् आवश्यक जानकारी सम्बन्धी विवरण |
|---|---|---|---|
| १) | उप प्राध्यापक (Geotechnical Engineering, Construction Engineering, Transportation Engineering, Electrical Engineering, Agriculture Science, Veterinary Science) | १/१ | शैक्षिक योग्यता : सम्बन्धित विषयमा पि.एच.डी. गरेको **अथवा** स्नातकोत्तर तहमा प्रथम श्रेणीमा उत्तीर्ण गरी १ वर्ष कार्य गरेको अनुभव **अथवा** स्नातकोत्तर तहमा द्वितिय श्रेणीमा उत्तीर्ण गरी २ वर्ष कार्य गरेको अनुभव । |
| २) | सहायक प्राध्यापक (Social Work) | २ | शैक्षिक योग्यता : सम्बन्धित विषयमा (Social Work/ Sociology/ Development Communication) कम्तिमा द्वितीय श्रेणीमा स्नातकोत्तर तह उत्तीर्ण गरेको । |

क) परीक्षाको किसिम : अन्तर्वार्ता

ख) अन्तर्वार्ता दस्तुर : उप प्राध्यापकका लागि रु.१,०००।०० (एक हजार), सहायक प्राध्यापकका लागि रु.७००।०० (सात सय), पूर्वाञ्चल विश्वविद्यालयको नबिल बैंकमा रहेको खाता नं.०७०६०१०३१०८०२ मा तोकिएको दस्तुर बुझाई सक्कल बैंक भाउचर दरखास्तको साथ सलग्न गर्नु पर्ने ।

ग) अन्तर्वार्ता हुने मिति, समय र स्थान : सर्म्पक मितिमा तोकिने छ । (सम्पर्क मिति : अन्तिम म्यादको भोलिपल्ट)

(अन्तर्वार्तामा निवेदनसाथ संलग्न गरिएका सम्पूर्ण कागजातहरुको सक्कल प्रमाणपत्रहरु अनिवार्य रुपमा साथै लिई आउनु पर्नेछ ।)